# विदुर नगरपालिका शिक्षा ऐन, २०७४

**प्रस्तावना**

राष्ट्रिय्थ विकासको लागि आवश्यकता जनशक्ति तयार गर्न संधीय लोकतान्त्रिक गणतन्त्रात्मक ब्यवस्था अनुकुल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न विदुर नगरपालिका भित्र स्थापना हुने तथा स्थापना भई संञ्चालन भइरहेका विद्यालयको ब्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकाले विदुर नगरपालिकाको नगर सभाबाट स्विकृत भई कार्यान्वयनमा आएको छ ।

१। **संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

क) यस ऐनको नाम बिदुर **नगरपालिकाको शिक्षा ऐन २०७४** रहेको छ ।

ख) यो ऐन विदुर नगरपालिका भित्र तुरुन्त लागु हुनेछ ।

ग) यो ऐन विदुर नगरपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी विदुर नगरपालिका भित्र लागू हुने छ ।

२। **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) आधारभूत शिक्षा भन्नाले प्रारम्भिक वाल शिक्षा देखि कक्षा आठ सम्म दिईने शिक्षा सम्झनु पर्दछ ।

ख) माध्यामिक शिक्षा भनाले कक्षा नौ देखि वाऱ्हसम्म दिइने शिक्षा सम्झनु पर्दछ ।

ख १) विशेष शिक्षा भन्नाले दृष्टिविहिन बहिरा अटिजम, सुस्त श्रवण र बौद्धिक अपाङ्गता वा अति अशक्त शारिरीक अपाङ्गता भएका वालवाकलिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमवाट दिइने शिक्षा सम्झनुपर्छ ।

ग) १ क) समावेशी शिक्षा भन्नाले देहायको शिक्षा सम्झनुपर्छ ।

१) दृष्टिविहिन, न्यून दृष्टियुक्त बहिरा सुस्तश्रवण, अटिम, बौद्धिक शारिरिक वा अन्य अपाङ्गता भएका वालवालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रहि दिइने शिक्षा ।

२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका ब्यक्तिलाई विभेद रहित वातावरणमा दिइने शिक्षा ।

ग २) सामुदायिक विद्यालय भन्नाले बिदुर नगरपालिकावाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत पाउने विद्यालय सम्झनुपर्दछ ।

ग ३) संस्थागत विद्यालय भन्नाले बिदुर नगरपालिकावाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनुपर्छ ।

ग ४) आधारभुत विद्यालय भन्नाले भन्नाले खण्ड (क१)बमोजिम शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

घ ५) विद्यालय शिक्षा भन्नाले आधारभुत र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

ङ) विद्यालय भन्नाले सामुदायीक विद्यलाय वा संस्थागत विद्यालय सम्झनुपर्छ ।

ङ १) माध्यमिक विद्यालय भन्नाले खण्ड (ख) र (घ) वा खण्ड (घ) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

च) शिक्षक भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउदछ ।

चभ्) आयोग भन्नाले नेपाल सरकारले गठन गरेको केन्द्रमा रहेको शिक्षक सेवा आयोग सम्झनुपर्छ ।

चर) अभिभावक भन्नाले विद्यालयमा अध्ययनरत विद्याथीहरुको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका ब्यक्ति सम्झनुपर्छ र सो शब्दले दफा १२ को प्रयोजनको लागि विद्यार्थीको बाबुआमा, बाजे बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने ब्यक्तिलाई समेत जनाउँछ । साथै बिवाहित महिलाको हकमा निजको पति लाई समेत अभिभावक मानिने छ ।

च३) कर्मचारी भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

छ) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कुल लिभिङ सर्टिफिकेट एक्जामिनेशन) भन्नाले माध्यमिक शिक्षाको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

छ१) आधारभूत शिक्षा उर्त्तीर्ण परीक्षा भन्नाले आधारभूत तहको कक्षा ८ अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

ज) तोकिएको वा तोकिएबमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

झ) स्वीकृती भन्नले तोकिएकबमोजिमको शर्त पूरा गरको विद्यालयलाई बिदुर नगरपालिकाले दिइको स्वीकृति जनाउँछ ।

ञ) आवसीय विद्यालय भन्नाले बिदुर नगरपालिकावाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

ट) शैक्षिक गुठी भन्नाले विद्यालय संञ्चालन गर्नको लागि कुनै ब्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरको सार्वजनिक वा निजी गठी सम्झनुपर्छ ।

ठ) मन्त्रालय भन्नाले शिक्षा मन्त्रालय सम्झनुपर्छ ।

ठ १) स्थायी आवसीय अनुमति भन्नाले विदेशी मुलकले कुनै सर्त तोकि वा सो मुलुकमा स्थायी रुपले वसोवास गर्न पाउने गरी नेपाललाई नागरिलाई उपलब्ध गराइएको डाइभर्सिटी भिसा( डि.भि) परमानेन्ट रेसिडेन्ट भिसा(पि.आ) वा ग्रीन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोवास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

ड) नगरपालिका भन्नाले विदुर नगरपालिका लाई सम्झनुपर्दछ ।

**३। विद्यालय खोल्न अनुमति लिनुपर्ने:**

१) कुनै नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई आधारभूत विद्यालय र माध्यमिक विद्यालयको लाीग सम्विन्धित वडाको सिफारिसमा बिदुर नगर शिक्षा समिती समक्ष अनुमतिको लागि निवेदन दिनुपर्छ ।

२) उपदफा (१) बमोजिम निवेदन परेमा बिदुर नगरपालिका वा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाचबझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्तबन्देज पालना गरेको देखिएमा बिदुर नगरपालिका वा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

४) यो दफा प्रारम्भको वखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयको चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय संञ्चालन गर्न तोकिएको आधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय संञ्चालन गर्न स्वीकृति दिनेछ ।

६) उपदफा (२),(३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालय शैक्षिक गुठीको रुपमा संञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन :

क) सरकारी वा सार्वजनिक भवामा संञ्चालन भएको विद्यालय,

ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई संञ्चालन भएको विद्यालय

ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातब्य दिएकोमा सो भवन वा त्यस्तो जग्गाभवन बनाई सञ्चालन भएको विद्यालय ।

७) उपदाफा(२),(३) र (५)मा जुनसुकै कुरा लेखिएको भएता पनि आफ्नो स्रोतवाट पूर्व प्राथमिक विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्वन्धी नगर कार्यपालिकामा रहने छ ।

७ क) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय संञ्चालन गर्दा देहायका कुरामा देहाय बमोजिम गर्नुपर्नेछ ।

७ ख) शैक्षिक गुठी संञ्चालन गर्ने गुठी संञ्चालक(ट्रष्टी) संङ्गठित संस्थाको रुपमा हुनु पर्ने

७ ग) शैक्षिक गुठी संञ्चालन गर्दा सञ्चालक बोर्ड(ट्रष्टी) मा सार्वजनिक गुठी भए कम्तीमा पाचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनु पर्ने ।

७ घ) शैक्षिक गुठीको आयब्ययको लेखा तोकिएबमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकवाट लेखा परिक्षण गराउनु पर्ने ।

७ ङ) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका संञ्चालक(ट्रष्टी)ले आफ्नो जीवनकलमै वा शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने ।

तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

७ च) कुनै सामाजिक परोपकारीप वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय संञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीवाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय संञ्चालन गर्न सक्नेछ ।

७ छ) उपदफा (७घ) बमोजिम संञ्चालित विद्यालयले अध्ययापन गराउनुपर्ने विषय, पालन गर्नु पर्ने शर्त तथा अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

९) उपदफा (८) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको शर्त बमोजिम विद्यालय सञ्चालन नगरेमा मन्त्रालयले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्नेछ ।

१०) उपदफा (८) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सम्वन्धमा यस ऐन बमोजिम अन्य ब्यवस्था लागु हुने छैन ।

**४। विद्यालयको सञ्चालन**

विद्यालयको संञ्चालन तोकिए बमोजिम हुनेछ ।

**५। परिक्षाको परिचालन र नियन्त्रण :**

आधारभूत तहको  शिक्षा उत्तीर्ण परीक्षा र माध्यमिक शिक्षा उत्तीर्ण (स्कुल लिभिङ सर्टिफिकेट एक्जामिनेशन) को परिचालन र नियन्त्रण तोकिए बमोजिम हुनेछ ।

**६। माध्यमिक शिक्षाको प्रकार :**

माध्यामिक शिक्षाको देहाय प्रकारका हुनेछन् ।

क) साधारण माध्यमिक शिक्षा

ग) संस्कृत माध्यमिक शिक्षा

घ) प्राविधिक तथा ब्यावसायिक माध्यमिक शिक्षा

तर त्यस्तो शिक्षामा थप एक वर्ष तोकिए बमोजिम ब्यवहारिक अभ्यास गराइनेछ ।

६क) विशेष शिक्षा, समावशी शिक्षा, अनौपचारिक शिक्षा निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्वन्धी ब्यवस्था:

१) बिदुर नगरपालिकाले आवश्यक पूर्वाधारको ब्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा खुला शिक्षा सञ्चालनको ब्यवस्था गर्न सक्नेछ ।

२) कुनै विद्यालयको विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा वा खुला शिक्षा सञ्चालन गर्न चाहेमा नगरपालिकाले सो सम्वन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ ।

३) दुर शिक्षा, विशेष शिक्षा र  समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।

४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि दृष्टिविहिन, न्युन दृष्टियुक्त, पूर्ण दृष्टियुत्त, बहिरा सुस्त श्रवण, अटिजम, बौद्धिक अपाङ्गता तथा श्रवण दृष्टिविहिन भएका वालवालिकाको लाीग पाठयक्रम पाठयपस्तक र शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक ब्यवस्था गर्न सकिनेछ ।

५) अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दर तथा खुला शिक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**७। शिक्षाको माध्यम**

१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङग्रेजी भाषा वा दुबै भाषा हुनछ ।

२) उपदाफा (१) मा जुनसकै कुरा लेखिएको भए तापनि देहाय अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सम्नेछ ।

क) आधारभुत तहको  शिक्षा मातृभाषामा दिन सकिनेछ ।

ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ

घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

**७ क) शैक्षिक गुणस्तर परीक्षण केन्द्र**

१) नगर पालिका भित्रका विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने काम समेतको लागि एक शैक्षिक गुणस्तर परिक्षण केन्द रहनेछ र सो को संचालन कार्य बिधि नगरपालिकाले तोके बमोजिम हूने छ ।

**८) बिद्यालयको पाठ्यकम र पाठ्यपूस्तक :**

बिद्यालयले नेपाल सरकार बाट स्वीकृत पाठ्यक्रम र पाठ्यपूस्तक लागू गर्नु पर्छ । साथै नगर पालिकाले आफैले पनि पाठ्यक्रम तयार गरि लागु गर्न सक्ने छ ।

## ९ क) आयोगको गठन

१) सामुदायिक विद्यालयमा नेपाल सरकारवाट स्वीकृत दरवन्दी अनुसार रिक्त शिक्षक तथा कर्मचारी पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षक तथा कर्मचारी को बढुवाको लागि सिफिरिस गर्न एक शिक्षक सेवा आयोग गठन हुनेछ । नेपाल सरकारको स्थायि शिक्षकको हकमा शिक्षक सेवा आयोगबाट गरे बमोजिम हूनेछ ।

विदुर नगरपालिका भित्र रिक्त रहेको अस्थाइ, करार, राहत, लियन वा वालकोटाको शिक्षक नियूक्तिको हकमा नगर प्रमुखको अध्यक्षतामा एक नगर स्तररिय शिक्षक छनौट समिती रहने छ । त्यही छनौट समितीले आवश्यक कार्यबिधि बनाइ शिक्षक नियुक्ति गर्ने छ ।

सो समितीले नगरिपालिका भित्र आन्तरिक दरवन्दि स्विकृत गराइ स्थायि, अस्थाइ वा करारमा शिक्षक नियूक्त गर्ने छ ।

## १०) नगर शिक्षा समिति

१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्नको लागि नगरपालिकामा देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | नगर कार्यपालिकाको प्रमुख | -संयोजक |
| (ख) | नगर कार्यपालिको उप प्रमुख | - सह संयोजक |
| (ग) | नगर प्रमुखले तोकेका कार्यपालिकाका महिला तथा दलित १/१ समेत गरी ७ जनासदस्यहरु | - सदस्य |
| (घ) | प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको एकजना अधिकृत कर्मचारी | -सदस्य |
| (ङ) | सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट प्रत्येक वर्ष परिवर्तन हुने गरी समितिले तोकेको एक जना प्रधानध्यापक | - सदस्य |
| (च) | संस्थागत विद्यालयहरुको प्रतिनिधी मुलक संस्था मध्येवाट प्रत्येक वर्ष परिवर्तन हुने गरी प्रमुखले तोकेको प्रतिनिधी एक जना | - सदस्य |
| (छ) | नगरपालिका स्तरीय अभिभावक संघका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी प्रमुख वा अध्यक्षले तोकेको प्रतिनिधी एक जना | -सदस्य |
| (ज) | गुठी वा परम्परागत धार्मिक विद्यालयका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी नगरपालिकाको प्रमुखले तोकेको सदस्य १ जना | -सदस्य |
| (झ) | शिक्षा अधिकृत | -सदस्य सचिव |

२) उपदफा(१) बमोजिम मनोनित सदस्यको पदावधि तिन वर्षको हुनेछ मनोनित सदस्यले आफ्नो पद अनुसार आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्ने छ ।

तर, त्यसरी पदवाट हटाउनु अधि निजलाई आफ्नो सफाई पेस गर्ने मौकावाट बञ्चित गरिने छैन ।

३) नगर शिक्षा समितिको अन्य काम कर्तव्य र बैठक सम्वन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**११) सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने**

विदुर नगरपालिकाले समुदाय साक्षरता सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**१२) अध्यापन अनुमतिपत्र लिनुपर्ने :**

१) यो ऐन प्रारम्भ भएपछि शिक्षक सेवा आयोगवाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक पदको लागि उम्मेद्वार हुन पाउने छैन ।

७) अध्यापन अनुमतिपत्र सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३) अनुदान कटौती नगरिने**

यो ऐन प्रारम्भ हुँदा बखत सामुदायिक विद्यालयलार्य दिदै आएको अनुदान रकमम कटौती गर्ने छैन ।

तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिइदै आएको अनुदान रकम तोकिएबमोजिम कटौती गर्न सकिनेछ ।

१३ क) नगरपालिकाले माध्यामिक शिक्षाको लागि विद्यालयमा भर्नाहुने विद्यार्थीलाई तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

१३ ख) प्रारम्भिक वालशिक्षा सम्वन्धी व्यवस्था

प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४) विद्यालयको व्यवस्थापन जिम्मा लिन सकिने**

१) कुनै सामुदायिक विद्यालयको बिद्यालय व्यवस्थापन जिम्मा लिन चाहेमा तोकिएका कुराहरु खुलाई तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम परेको निवेदन जाचबुझ गर्दा त्यस्तो व्यवस्थापन समितिले तोकिएको शर्त पूरा गरेको देखिएमा तोकिएको अधिकारीले निवेदनलाई त्यस्तो सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा दिन सक्नेछ ।

३) उपदफा (२) बमोजिम व्यवस्थापन समितिले व्यवस्थापन जिम्मा लिएको विद्यालयमा कार्यरत नगरपालिका वाट स्वीकृत दरवन्दीमा नियुक्त भएका शिक्षकको सेवा, शर्त र सुविधा अन्य सामुदायिक विद्यालयका शिक्षक सरह हुनेछ र त्यस्ता शिक्षकले पाउने तलव भत्ता र सञ्चयकोष वापत विद्यालयवाट थप गर्नुपर्ने रकम बरावरको रकम नगरपालिकाले एकमुष्ठ विद्यालयलाई उपलब्ध गराउनेछ ।

४) उपदफा (२) बमोजिम व्यवस्थापन समितिले व्यवस्थापन जिम्मा लिएको विद्यालयमा त्यस्तो विद्यालयले ब्यहोर्ने गरी थप शिक्षक नियुक्ति गर्न सकिनेछ ।

५) उपदफा (४) बमोजिम नियुक्त शिक्षकले सो विद्यालयका अन्य शिक्षक सरह पारिश्रमिक र सुविधा पाउने ।

६) उपदफा (२) बमोजिम व्यवस्थापन समितिले व्यवस्थापन जिम्मा लिएको विद्यालयको आवश्यकता हेरी नगरपालिकाले त्यस्तो विद्यालयलाई थप दरवन्दी उपलब्ध गराउन सक्नेछ ।

**१५) साझेदारी विद्यालय सञ्चालन गर्न सक्ने**

१) नगरपालिकाले सामुदायिक र सार्वजनिक शैक्षिक गुठि अन्तर्गत संञ्चालित विद्यालय तथा एक भन्दा बढी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरु बीच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

२) उपदफा (१) बमोजिम विद्यालयको ब्यवस्थापन समितिको गठन, काम, कर्तब्य र अधिकार, साझेदाका तरिका तथा अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछन् ।

**१६) विद्यालय ब्यवस्थापन समिति**

१) सामुदायिकि विद्यालयको सञ्चालन रेखदेख र ब्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय ब्यवस्थापन समिति रहनेछ :

क) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका महिला र दलित १/१ सहित चारजना सदस्य

ख) माथि चुनिएका सदस्यहरु मध्येवाट नगरशिक्षा समितिले मनोनित गरेको कुनै एकजना अध्यक्ष

ग) नगर सभा सदस्य मध्ये सम्वन्धित एकजना वडा सदस्य सदस्य

घ) विद्यालय हेर्न तोकिएको विद्यालय निरिक्षक सदस्य

ङ) सम्वन्धित विद्यालय हेर्ने स्रोत सदस्य

च) वरिष्ठ शिक्षक एकजना सदस्य

छ) विद्यालय शिक्षक अभिभावक संघका अध्यक्ष सदस्य

ज) विद्यालय स्तारीय वाल क्लवले मनोनयन गरेको एक वालक र एक वालिका गरि दूई जना स्थायी आमन्त्रित सदस्य

ङ) विद्यालय प्रधानाध्यापक सदस्य सचिव

२) प्राविधिक र ब्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय ब्यवस्थापन समितिमा नगर स्तरका उद्योग तथा वाणिज्य महासङ्घका नगर प्रमुखले तोकेको दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

२ग) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयकृ ब्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिसत सदस्यहरु अपाङ्गता भएका ब्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको ब्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका ब्यक्ति सदस्य रहनेछ ।

४) संस्थागत विद्यालयको सञ्चालन रेखदेख र ब्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय ब्यवस्थापन समिति रहनेछ ।

क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरु मध्येवाट विद्यलयको सिफारिसमा नगरप्रमखले मनोनित गरेको ब्यक्ति अध्यक्ष

ख) अभिभावकहरु मध्येवाट एकजना महिला समेत गरी विद्यालय ब्यवस्थापन सकितिले मनोनित गरको दुई जना सदस्य

ग) स्थानिय शिक्षाप्रेमी वा समाजसेवीहरु मध्येवाट बिद्यालयकाले

सिफारिसमा नगरपालिकाले मनोनित गरेको एकजना सदस्य

घ) नगर शिक्षा हेर्ने स्रोतब्यक्ति सदस्य

ङ सम्वन्धित विद्यालयका शिक्षकहरुले आफूहरुमध्येवाट छानी पठाएको एकजना सदस्य

च) विद्यालयको प्रधानाध्यापक सदस्य सचिव

५)उपदफा(१), (२क) र (४) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तिन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसरको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदवाट हटाउन सक्नेछ ।

तर त्यसरी पदवाट हटाउनु अधि निजलाई आफ्नो सफाई पेश गर्ने मौकावाट वञ्चित गरिने छैन ।

६)सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार देहय बमोजिम हुनेछ ।

क) विद्यालयको सञ्चालनको लागि प्राप्त साधन र स्रोत को परिचालन गर्ने

ख) विद्यालयको चल अचल सम्पतिको लगत राख्ने राख्न लगाउने र सुरक्षा गर्ने

ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विविरण अध्यावधिक गराई राख्ने ।

घ) विद्यालयको बार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिका लाइ दिने ।

ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

च) नगरपालिकाको कार्यालयवाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,

छ) नगर कार्यपालिकाको कार्यालयले तोकेको लेखापरीक्षकवाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने

ज) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने,

झ) नगर शिक्षा समिती र नगर कार्यपालिकाको कार्यालयले दिएको आदेश तथा निर्देशनशरुको पालना गर्ने,

ञ) आफैले नियुक्त वा बढुवा गरेका शिक्षकको लागि तोकिएबकोजिमको पारिश्रमिक तथा सुविधाको ब्यवस्था गर्ने

ट) शिक्षाको गुणस्तर कायम गर्ने सम्वन्धमा शिक्षक अभिभावक सङघ गठन गर्ने ।

७) संस्थागत विद्यालयको विद्यालय ब्यवस्थापन समितिको का कर्तब्य र अधिकार देहय बमोजिम हुनेछ :

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको ब्यवस्था गर्ने

ग) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने

घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने

ङ) नेपाल सरकारले लागु गरेको पाठयपुस्तक अनिवार्य रुपमा लागु गर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरु पढाउन आवश्यक देखिएमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदको स्वीकृति लिने,

च) आयोगवाट अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका ब्यक्तिलार्य शिक्षक पदमा नियुक्ति गर्ने,
छ) नेपाल सरकाले तोकिदिएको तलव स्केलमा नघटाई शिक्षकलाई तलव दिने,
ज) अनुशासनहीन शिक्षक उपर कारवाही गर्ने
झ) नगरपालिकाले दिएका निर्देशनहरुको पालना गर्ने ।

७क) शैक्षिक गुठी अर्न्तगत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख तथा ब्यवस्थापन सम्वन्धी ब्यवस्था तोकिए बमोजिम हुनेछ ।
८)विद्यालय ब्यवस्थापन समितिको अन्य काम, कर्तब्य, अधिकार र बैठम सम्वन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१७क) विद्यालय ब्यवस्थापन समिति विघटन गर्न सकिने
१) कुनै विद्यालयको विद्यालय ब्यवस्थापन सकितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा सोको कारण खुलाई नगर शिक्षा समितिले त्यस्तो विद्यालय ब्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।
तर त्यसरी विघटन गर्नु अधि विद्यालय ब्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।
२) उपदफा (१) बमोजिम विद्यालय ब्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय ब्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले वि.ब्य.स गठन नभएसम्म वि.ब्य.स को काम गर्न नगर शिक्षा समितिले एक अस्थायी विद्यालय ब्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

१८) **नगर शिक्षा विकास कोष :**
१) नगर भित्रको सामुदायिक विद्यालयको भौतिक पूर्वधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि नगर स्तरमा एक नगर शिक्षा विकास कोष रहनेछ ।
२) उयदफा(१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :
क) नेपाल सरकारवाट प्राप्त अनुदान रकम
ख) संस्थागत विद्यालयवाट प्राप्त रकम र विद्यालयको वार्षिक कुल आम्दानी तोकिए बमोजिमको रकम
ग) चन्दावाट प्राप्त रकम
घ) अन्य स्रोतवाट प्राप्त रमक ।

१८ क)कोष सञ्चालक समिति:
१) नगर शिक्षा विकास कोषको सञ्चालन गर्नको लागि देहायका सदस्यहरु रहेको एक कोष सञ्चालक समिति रहनेछ :

| | |
|---|---|
| क) नगरपालिकाको प्रमूख प्रशासकिय अधिकृत | अध्यक्ष |
| ख) शिक्षा समिती का संयोजक | सदस्य |

ग) नगर महिला सदस्य नगर शिक्षा समिती सदस्य

घ) स्रोत व्यक्ति सदस्य

च) प्रतिनिधि नगर लेखा प्रमुख सदस्य

ज) नगर शिक्षा अधिकृत सदस्य सचिव

२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको अन्य काम, कर्तब्य र अधिकार बैठक सम्वन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१८ ख) विद्यालय कोष**

१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहायका रकमहरु रहनेछन् ।

क) नेपाल सरकारवाट प्राप्त अनुदान

क १) नगर शिक्षा कोषवाट प्राप्त अनुदान,

क २) नगरपालिकावाट प्राप्त अनुदान

ख) शुल्कवाट आउने रकम

ग) चन्दा वा दान दातब्यवाट प्राप्त रकम र

घ) अन्य स्रोतवाट प्राप्त रकम।

२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु प्रत्येक नगर शिक्षा समिति, र विद्यालय ब्यवस्थापन समितिको कर्तब्य हुनेछ ।

१९। नगर पालिकाले विद्यालय सार्न, गाभ्ने, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने नगरपालिकाको तोकिएको अधिकारीले नगर शिक्षा समितिको राय लिई सञ्चालन भइरहेको कुनै विद्यालयलार्य एक स्थानवाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बदी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिाएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यलाय कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृती दिन सक्नेछ ।

**२०। विद्यालयको सम्पति :**

१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पति सार्वजनिक सम्पति मानिनेछ । यस ऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विदालयमा गाभिएको सामुदायिक विद्यायको सम्पति नगरपालिकाले अन्य विद्यालयको प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेचविखन गरी प्राप्त भएको रकम सम्वन्धित नगर शिक्षा कोषमा जम्मा गरिने ।

२) शैक्षिक गुठी अअन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्रि सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा संञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पति सार्वजनिक सम्पति मानिनेछ र त्यस्तो सम्पतिको स्वरुप पविर्तन गर्न पाइने छैन ।

३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही कम्पनीको नाममा रहनेछ ।

४) संस्थागत विद्यालयले कनै व्यक्ति वा सङ्घसंस्थासंग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पति प्राप्त गर्नु अघि नगर शिक्षा समितिको स्वीकृति लिनुपर्नेछ ।

५) उपदफा (४) बमोजिम प्राप्त गरेको सम्पति नगरपालिकाको स्वीकृति बगेर बेचविखन गर्न पाइने छैन । र प्रचलित ऐनको अधिनमा रहि काम गर्नू पर्ने छ ।

**२१क) विद्यालयलार्य छुट र सुविधाः**

१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत परित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

२) उपदाफा १) मा लेखिए देखि वाहे अन्य विद्यलयको नाममा कनै लिखित पारित गर्दा नगरपालिकाले तोकिएको आधारमा रजिस्ट्रेसन दस्तुर छुट दिन सकिने ।

३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

**२१ ख) अनुमति स्वीकृत रद्द गर्ने :**

कुनै संस्थागत विद्यालयले दफा ३ को उपदफा (४) बमोजिमको म्यादभित्र विवरण नदिएमा वा यो ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलार्य प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । अनुमति वा स्वीकृती रद्द गर्नु अघि सम्वन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकावाट वञ्चित गरिने छैन ।

**२१ ग) विद्यालयको वर्गिकरण**

विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

२१ ग१) विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने

१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलार्य सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

२) उपदफा(१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यलायले पालन गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**२१घ) शुल्क सम्वन्धी व्यवस्था**

१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

१क) उपदाफा (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफना् इच्छाले सामुदायिक विद्यालयलार्य दिएको दान, उपहार चन्दा वा सहयोग लिन सकिनेछ ।

१ख) सवै बालवालिकालाई आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले आवश्यक स्रोतको ब्यवस्थापन गर्नेछ ।

१ग) दृष्टिविहीन वालवालिकालार्य ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्वन्धी अपाङ्गता भएका वालवालिकालाई साङ्केतिक भाषाको माध्यमवाट नि:शुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

२) उपदफा(१) बमोजिम नि:शुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थी संग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

३) विद्यालयले विद्यार्थीलाइ कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइ सकेपछि पुन: सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

४) विद्यालयले विद्यालयको भौतिक संरचाना निमाण गर्नको लागि विद्यार्थीसंग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

५) संस्थागत विद्यालयले विद्यार्थीसंग लिन पाउने शुल्क तोकिएको अधिकारीवाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ । त्यसरी शुल्क निधारर्ण सम्वन्धमा स्वीकृती दिदा तोकिएको अधिकारीले विद्यलायले उपलब्ध गराएको सुविधाको आधारमा दिइनेछ ।

६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसंग कुनै शुल्क लि्एमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्वन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउन पर्नेछ ।

७) यस ऐन विपरति शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले पच्चिस हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

२२) नेपाल शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था

१) सामुदायिक विद्यालयका शिक्षकहरुले पेशागत हकहितको सवन्धमा कार्य गर्न एक शिक्षक महासंघ रहनेछ ।

२) नेपाल शिक्षक महासंघ केन्द्रिय तथा नगरस्तरमा गठन गर्न सकिनेछ ।

२३) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदवाट हटाइनेछ

क) पदीय दायित्व पूरा नगरेमा

ख) विनासूचना लगातार पन्ध्र दिनभन्दा बदी समय विद्यालयमा अनुपस्थित रहेमा

ग) विद्यालयमा मादक पदार्थसेवन गरी आएको कुरा प्रमाणित भएमा,

घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतवाट सजाय पाएमा

ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्ययपन वा काम गरेमा वा अन्य कुनै ब्यावसायिक क्रियाकलाप गरेमा

च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेका पाइएमा

<u>स्पष्टिकरण:</u> यस खण्डको प्रयोजनको लागि कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लस्तर वा स्थानीय गृहस्तरका कार्यकारिणी समिति सम्झनु पर्छ ।

**२४ १. स्थायी आवासीय अनुमति लिन नहुने :**

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुदैन । यो दफा प्रारम्भ हुनुअघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाका लागि अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त गरिनेछ ।

**२१ २. स्वयम् घोषणा गरी विवरण पेश गर्ने :**

(१) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीहरुले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमतिका लागि आवेदन गरेको भए यो दफा प्रारम्भ भएको मितिले तीस दिन भित्र सोको स्वयम् घोषणा गरी देहाय बमोजिमको विवरण आफू कार्यरत रहेको विद्यालयमा पेश गर्नु पर्नेछ

(क) आफ्नो नाम, थर, सेवा, कार्यरत विद्यालयको नाम र हालको पद,

(ख) स्थायी आवासीय अनुमति लिएको भए सो लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको भए सोको मिति, सम्बन्धित देशको नाम,

(ग) आफूले लिएको स्थायी आवासीय अनुमति परित्याग गर्न वा त्यस्तो अनुमतिका लागि दिएको आवेदन रद्द गराउन इच्छुक भए, नभएको ।

(२) सामुदायिक विद्यालयको कुनै शिक्षक वा कर्मचारीको सगोलको पति वा पत्नीको स्थायी आवासीय अनुमति लिएको भएमा यो दफा प्रारम्भ भएको मितिले तीस दिनभित्र सम्बन्धित शिक्षक वा कर्मचारीले आफूकार्यरत विद्यालयमा उपदफा (१) बमोजिमको विवरण पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको विवरण प्राप्त भएपछि विद्यालयले त्यस्तो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

**२१ ३. जानकारी दिन सकिने :**

(१) दफा २१ १ विपरित कुनै शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिएको जानकारी कसैलाई प्राप्त भएमा त्यस्तो व्यक्तिले सो जानकारी सम्बन्धित शिक्षक वा कर्मचारी ले नगरपालिकामा दिन सक्नेछन् ।

(२) उपदफा (१) अनुसारको जानकारी नगरपालिकामा पेश गर्नुपर्ने छ ।

(३) उपदफा (१) र (२) बमोजिम वा अन्य कुनै स्रोतवाट कुनै शिक्षक तथा कर्मचारीले आवासीय अनुमति लिएको वा सो को लाग आवेदन दिएको जानकारी प्राप्त हुन आएमा नगर कार्यपालिकाको दफा २१ २ को उपदफा (१) बमोजिम को अवधि समाप्त भएपछि त्यस्तो शिक्षक वा र्कचारीलाई विभागीय कारवार्हा गर्ने सम्वन्धमा आवश्यक कारवाही अधि बढाउनु पर्ने छ ।

**२१ ४. सजाय नहुने**

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतानि यो दफा प्रारम्भ हुनु अधि स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको सामुदायिक विद्यालयको शिक्षक वा कर्मचारीले स्वीकार गरी यो दफा प्रारम्भ भएको मितिले साठी दिन भित्र आफूले प्राप्त गरेको स्थायी आवासीय अनुमति त्यागेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि दिएको आवेदन रद्द गर्नका लाग सम्वन्धित मुलुकमा लिखित अनुरोध गरेको प्रमाणित सहित निवेदन दिएमा त्यस्तो शिक्षक वा कर्मचारीलाई यस ऐन बमोजिम सजाय गरिने छैन ।

**२१ ५ सञ्चय कोष र बीमा बाहेक अन्य कुनै सुविधा नपाउने :**

यो ऐन अन्तगर्त बनेका नियममा जुनसुकै कुरा लेखिएको भएतापनि दफा २१ १ को विपरित हुने गरी सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिएको कारण सेववाट बर्खास्त भएमा र त्यस्ता शिक्षक वा कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति पत्र प्राप्त गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीको पति वा पत्निले कर्मचारी सञ्चय कोष रकम र बीमा बाहेक यस ऐन र यस अन्तर्गत बनेका नियम बमोजिक सेवा सुविधा पाउने छैन ।

**२२क) शैक्षिक योग्यता**

विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता बमोजिम हुनेछ ।

२२ क१) शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्ने :

नगर शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्याथी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**२२ख २. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्दार वा नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

(३) नगरपालिकाले आफूलाइ आबश्यक परेको वखत कूनै पनि स्थाइ माध्यमिक शिक्षक लाई नगरपालिकामानै काजमा राखी काम कार्य गराउन सक्नेछ ।

४) नगरपालिका भित्रका शिक्षकहरु अन्यत्र कतै काजमा गएका भए त्यस्ता शिक्षकलाई नगरपालिकाले निरन्तर दिन वा फिर्ता गर्न सक्नेछ ।

२३ अदालतको आदेशबाट पुन: वहाली हुन सक्ने :

(१) विभागीय सजाय भई नोकरीबाट हटाएको वा वरखास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुन: बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुन:बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुन:बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

**२३ क. शिक्षकको सरुवा :**

(१) सरुवा हुन चाहने शिक्षकले ताकिए बमोजिमको फारम भरी नगरकार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा प्रमुख प्रशासकिय अधिकृतले दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई सरुवा गर्न सक्नेछ ।

[१]तर, त्यसरी सरुवा गर्दा निवेदक कार्यरत स्थानको पालिका प्रमूखको सहमती लिनुपर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पूरा गरेको स्थायी शिक्षकलाई ताकिए बमोजिमको मापदण्डको आधारमा नगर शिक्षा समितीले आफ्नो नगर भित्रको, विद्याालयमा सरुवा गर्न सक्नेछ ।

तर, दरवन्दी मिलान गर्दा वा विशेष कारणवश कुनै शिक्षकलाई कुनै विद्यालयवाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा पाचवर्ष सेवा अवधि पूरा नभएको भए पनि कारण खुलाई यस दफा बमोजिम सरुवा गर्न बाधा पर्ने छैन ।

**२३ ख) संस्थागत विद्यालयको हकमा लागु नहुने :**

शिक्षकको सरुवा सम्बन्धि मापदण्ड संस्थागत बिद्यालयमा लागू हूने छैन ।

तर

१) दफा १५ बमोजिम कुनै विद्यालयलाई एक स्थानवाट अर्को स्थानमा सार्ने सम्वन्धी व्यवस्था संस्थागत विद्यालयको हकमा समेत लागु हुनेछ ।

२) संस्थागत विद्यालयको नाम परिवर्तन गर्ने सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४) संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने

१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दस प्रतिशतमा नघटने गरी तोकिएबमोजिम विपन्न, अपाङ्ग, महिला, दलित, वा जनजाति विद्यार्थीलाई नि:शुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

२) उपदफ (१) बमोजिम छात्रवृतिको लाग विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, नगर शिक्षा कार्यालयको प्रतिनिधि र विद्यालय व्यवस्थपन समितिमा रहेको अभिभावकको प्रतिनिध रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

३) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्ने आधार तोकिए बमोजिम हुनेछ ।

२४ क) तलव भत्ता नपाउने र सेवा अवधि गणना नहुने

उल्लिखित अवस्थामा वा नियमा अनुसार विदा स्वीकृती गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थिति रहेको शिक्षकले अनुपस्थित अवधिको तलव भत्ता पाउने छैन रत्यस्तो अवधि निजको सेवामा गणना हुनेछैन ।

२४ख) कर्मचारी सम्वन्धी व्यवस्था

१) सामुदायिक विद्यालयमा नगरपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारी दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका कर्मचारी नियुक्ति, सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४ ग. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

२४ घ. अनुमति नलिई शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षक कोर्ष सञ्चालन गर्न नहुने :

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्र, शैक्षिक परामर्श सेवा, बिज्र कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. प्रगति विवरण बुझाउनु पर्ने :

संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगर कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

**दण्ड सजाय :**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई [1]मुद्दा हेर्ने अधिकारीले विगो असुल गरी [8]विगो बमोजिम जरिवाना गर्न सक्ने छ ।

१क) कसैले देहायका कार्य गरेमा गर्न लगाएमा वा सो कार्य गर्न सहायोग पुऱ्याएमा त्यस्तो ब्यक्तिलाई कसूरको मात्रा हेरी एक लाख रुपैया सम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा

ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैरजिम्मेवारपूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रमा सम्वन्धित पदाधिकारीको स्वीकृती वेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

घ) परीक्षाफल प्रकाशनमा अनियमितिता गरेमा

ङ) अरुको तर्फवाट परीक्षा दिएमा

च) परीक्षाको मर्यादा भङ्गहुने अन्य कुनै कार्य गरेमा ।

छ) विद्यार्थी भर्ना गर्दा दान उपहार वा कुनै रकम लिएमा

ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम शैक्षिक परामर्श सेवा, विज कोष भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

१ख) उपदफा (१) र (१क) बमोजिमको कसुरको सम्वन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारीउपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्ता शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्वहुनेछ । सो शिक्षक वा कर्मचारी अदालतवाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागिए सजाय गरिनेछ ।

२) उपदफा (१) र (१क) मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम उल्लङ्घन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिमको सजाय र्न सक्नेछ ।

क) विद्यालयका शिक्षक वा कर्मचारीलार्य विभागीय सजाय गर्ने,

ख) विद्यार्थीलाई विद्यालय वा छात्रावास वा परीक्षावाट निष्काशन गर्ने

ग) कसूरको मात्रा हेरी एक हजार देखि पच्चिस हजार रुपौया सम्म जरिवाना गर्ने,

घ) विद्यालयलाई सरकारी सहायता घटाउने, रोक्ने वा बन्द गर्ने

ङ) विद्यालयलार्य प्रदान गरिएको अनुमति वा स्वीकृती रद्द गर्ने ।

१७क) सम्पती सम्वन्धी मुद्दाको तहकिकात र दायरी

१) सरकारी मुद्दा सम्वन्धी ऐन २०४९ मा जुनसुकै लेखिएकोभए तापनि दफा १७ को उपदफ(१) बमोजिम सजाय हुने कसुर सम्वन्धी मुद्दाको तहकिकात तोकिएको अधिकारीले गर्नेछ । यस्तो तहकिकातको काम पूरा गरी मुद्दा हेर्ने अधिकारी समक्ष सम्वन्धीत विद्यलायको नामवाट मुद्दा दायरा गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा ताकिएको अधिकारीले सरकारी वकिलको राय सल्लाह लिन सक्नेछ ।

१९. नियम बनाउने अधिकार :

(१) यस ऐनको उद्देश्य कार्यान्वन गर्न नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी सो नियमद्धारा खासगरी देहायका कुराहरुको व्यवस्था हुन सक्नेछ :

(क) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्यार्थीलाई लाग्ने शुल्क र सो असु गर्ने तरिका,

(ग) विद्यार्थीलाई दिइने अनुदान,

(घ) विद्यालयको परिक्षा,

(घ१) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको समकक्षता निर्धारणसम्बन्धी,

(घ३) विद्यालय शिक्षक किताबखाना सम्बन्धी,

(ङ) विद्यालयको अतिरिक्त कार्यकलाप र कार्यक्रमको निर्धारण,

(च) विद्यालयका शिक्षक तथा कर्मचारीको सपथ ग्रहण सम्बन्धी,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तरिका र विद्यार्थीहरुको संख्या,

(ज) विद्यालयको सम्पत्तिको सुरक्षा,

(झ) विद्यालयको छात्रावास चलाउने,

(ञ) विद्यालयको आय व्यवको जाँच,

(ट) विद्यालयको किताब,बही र अन्य कागजात तयार गर्ने र राख्ने तरिका

(ठ) विद्यलयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामाग्री

(ड) शिक्षक तथा कर्मचारीको आचारसंहिता

(ढ) विद्यालयको पुस्तकालय र वाचनालय

(ण) सह शिक्षा

(त) शिक्षण तथा विद्यालय ब्यवस्थापन तालिम

(थ) प्रधानाध्यापकको नियुक्तिको लागि आवश्यक पर्ने योग्यता, काम, कर्तब्य र अधिकार तथा सुविधा,

(द) विद्यलयका शिक्षकहरुको सेवा शर्त सम्वन्धी

(ध) विद्यालय शिक्षकको अध्यापम अनुमति पत्र, परिचयत्र र चिन्ह

(न) विशेष शिक्षा

(प) अनौपचारिक शिक्षा

(प१) दूर शिक्षा तथा खुला शिक्षा

(फ) शिक्षकहरुको सेवा गठन

(ब) जिल्ला शिक्षा कोष

(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा, ......

(म) अन्य आवश्यक कुराहरु

(य) आवसिय विद्यालय संञ्चालन गर्ने

(र) संस्थागत विद्यालय सम्वन्धी

(ल) कोचिङ क्लास, भाषा शिक्षण कक्षा र निजी क्षेत्रमा सञ्चालित शिक्षक प्रशिक्षण कक्षा सम्वन्धी ,

१९क) निर्देशिका बनाउन सक्ने

यस ऐनको कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक निर्देशिका बनाई लागुगर्न सक्नेछ ।

२०) बाधा अड्काउ हटाउने अधिकार

यस ऐनको उद्देश्य कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो वाधा अड्काउ हटाउन नगर राजपत्रमा सूचना प्रकाशित गरी आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा पर सरह मानिनेछ ।

२१) खारेजी बचाउ र लागु नहुने

१) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

१क) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूर भ्रष्टाचार निवारण ऐन २०५९ अन्तर्गत कारवाही चलाउन बाधा गर्ने छैन ।

नोट: यो ऐन प्रारम्भ हुनु भन्दा अगाडी नेपालको शिक्षा ऐन अनुसार संचालिन भएका निकायहरुमा यस ऐन पश्चात यस ऐन अनुसार हुने छ ।